# बारपाक सुलिकोट गाउँपालिका गोरखाको चालु आर्थिक बर्ष २०७९/०८० को

### तेस्रो चौमासिक अर्न्तगतको सार्वजनिक सुनुवाई कार्यक्रम

### प्रतिवेदन




**प्रस्तुतकर्ता : दीपक श्रेष्ठ (पत्रकार)**

**समन्वाय संस्था : सोच नेपाल मिडिया**

## प्रतिवेदन पेश गरिएको संस्था : बारपाक सुलिकोट गाउँपालिका, गाउँकार्यापालिका कार्यालय, ताकुकोट गोरखा

मिति २०८० असार ३२ गते

# बारपाक सुलिकोट गाउँपालिका तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम प्रतिवेदन

## १.आयोजना बिबरण खण्ड

- कार्यक्रमको नाम : सार्वजनिक सुनुवाई ( आ.व २०७९/०८०) तेस्रो चौमासिक
- बिषय : गाउँपालिकाले गरेका बिकास निर्माण योजना, कार्यक्रम र सेवाप्रवाह
- सम्बन्धित कार्यालय : बारपाक सुलिकोट गाउँपालिका
- मिति : २०८० साल असार २९ गते
- स्थान : बारपाक सुलीकोट गाउँपालिका-१, बारपाक
- सहजकर्ता : दिपक श्रेष्ठ
- आबद्ध संस्था : रा.स.स/ रेडियो मनासलु/ नागरिक सवाल डटकम

२.संक्षिप्त जानकारी :

बारपाक गाउँपालिकाले पालिका भित्र भएगरेका विकासका निमार्णका कार्यहरु र सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा सेवा प्रदायक निकायलाई आमनागरिक तथा सेवाग्राही प्रति जवाफदेही बनाउन एवं सेवाग्राहीलाई पनि एक जिम्मेवार नागरिक बनाउनका लागि सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको हो । यसको माध्यमबाट सेवा प्रदायक र सेवाग्राही बीचको विकास कार्य वा सेवा प्रवाहको अन्तर सम्बन्धलाई पारदर्शी बनाउन मात्र नभएर विकासको गतिलाई अगाडी लैजान समेत बल पुग्दछ । सार्वजनिक सुनुवाईले सुसाशनका मुख्य तत्वहरु पारदर्शिता र जावफदेहित प्रर्वद्धन गर्नेजस्ता मुलभूत कुरालाई पृष्ठपोषण गर्दछ । बारपाक सुलिकोट गाउँपालिकाले पालिका कार्यालय मातहत प्रदान गर्दै आएको सेवा सबिधा तथा बिकास निर्माणका सर्न्दभमा कार्यालयहरुले प्रवाह गरेको सेवा तथा सम्पादित कार्यक्रमहरुको प्रभावकारिता र सेवाको विद्यमान अवस्थालाई मुल्याकन गर्न चालु आर्थिक बर्ष २०७९/०८० अन्तरगतको तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको हो ।

## ३.महत्व (Improtance) :

स्थानीय तहहरुलाई जनता प्रति उत्तरदायी र जनमुखी बनाउन भ्रष्टाचार न्युनीकरण गर्न, विकास कार्यमा जनसहभागिता बढाउन, सामुहिक निर्णयको चलानी गराउन र मानव स्रोत तथा सामाजिक भावनाको विकास गर्नका लागि सार्वजानिक सुनुवाइको महत्व बढी रहेको छ । त्यसबाहेक सार्वजनिक सुनुवाईको निम्न उद्देश्यहरु रहेका छन् ।

क) गाउँपालिका मातहत र पालिका भित्रका पर्ने बिकास निर्माण तथा सेवा प्रवाह गुणस्तरिय बनाई सेवा नागरिकहरुमा पालिका बिश्वास अभिबृद्धि गर्न ।

ख) गाउँपालिका मतहातको कार्यालयहरुबाट प्रवाह हुने सेवाहरु बारे सरोकारवाला नागरिकहरुलाई सचेतना अभिवृद्धि गर्न ।

ग) गाउँपालिका क्रियाकलापहरुको सरोकारवाला नागरिकहरुप्रति जवाफदेहिता अभिवृद्धि गर्न ।

घ) गाउँपालिकाबाट प्रवाह हुने सेवाहरुमा सरोकारवाला सेवाग्राहीहरुको सहभागितामा वृद्धि गर्नु ।

ड) गाउँपालिका कार्यालयहरुको कृयाकलापहरुलाई पारदर्शी बनाउन ।

च) सेवाग्राहीलाई हक अधिकार जवाफदेही निकाय र पदाधिकारीलाई सजक तथा जिम्मेवार बनाउन ।

(छ) सेवा प्रदायक निकाय निकाय सेवाग्राही बिचको खाडल कम गर्न ।

## ४.बिषयबस्तु :

मिति २०८० साल असार २९ गते शुक्रबारका दिन बारपाक सुलीकोट गाँउपालिकाको आयोजना तथा सोच नेपाल मिडिया एण्ड एड्भटाईजिङ प्रा.लिको समन्वयमा गाउँपालिकाको चालु आर्थिक बर्ष २०७९/०८० को तेस्रो चौमासि सार्वजनिक सुनुवाई सम्पन्न भयो । गाउँपालिकाले चालु आर्थिक बर्षको तेस्रो चौमासिकमा भएगरेका बिभिन्न योजना, निति निर्माण र तिनको कार्यान्वयनको अबस्था र कार्यलयकको सेवा प्रवाहका बारेमा नागरिकहरुको सुझाव गुनासो र जिज्ञासाहरु संकलन गरियो । त्यस्तै गाउँपालिकाले प्रदान गर्दै आएको सेवा प्रवाहको बारेमा समेत सार्वजनिक सुनुवाई कार्यक्रममा सेवाग्राही तथा नागरिकहरुलाई जानकारी प्रदान गर्ने कार्य सम्पन्न भयो । बारपाक सुलीकोट गाउँपालिकाका अध्यक्ष श्री बिष्णुप्रसाद भट्टको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा गाउँपालिकी उपाध्यक्ष श्री सनमाया गुरुङ, प्रमुख प्रसासकिय श्री अधिकृत तुलसीराम आर्चाय, बिभिन्न वडाका वडाध्यक्षहरु, गाउँ कार्यापालिकाका सदस्यहरु, गाउँपालिकाका बिभिन्न कार्यलयका शाखाका प्रमुखहरु, वडा सदस्यहरु, अन्य सरोकारवालाहरु तथा गाउँपालिका भित्रका नागरिकहरु गरी करिव  करिब ९५ जना भन्दा बढिको उपस्थिती रहेको थियो ।

पहिलोखण्डमा कार्यक्रमको उद्घाटन, दोस्रो खण्डमा गाउँपालिका अध्यक्ष श्री बिष्णुप्रसाद भट्टद्धारा पालिकाले सञ्चालन गरेका बिभिन्न बिकास निर्माणका आयोजना तथा प्रमुख प्रशासकिय अधिकृत श्री तुलसीराम आर्चायले गाउँपालिका प्रदान गर्दै आएको सेवा प्रवाह लगायतका बिषयमा जानकारी प्रदान गर्नुभयो । कार्यक्रममको तेस्रो खण्डमा जिज्ञासा/प्रतिकृया संकलन एवम प्रश्नोत्तर र चौथो समापन गरि चार भागमा विभाजन गरि कार्यक्रम संचालन गरिएको थियो । कार्यक्रम दिनको ठिक १२:०० बजेदेखि सुरु भई ४:३० बजेसम्म गरि ४:३० घण्टामा सम्पन्न भएको हो । कार्यक्रममा स्थानीय तथा सेवाग्राहीले उठाएका जिज्ञासा एवम प्रश्नको गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, वडाध्यक्ष एवम सम्बन्धित शाखाका प्रमुख एवँम प्रतिनिधीले जवाफ दिएका थिए ।

## ५.कार्यक्रमको उदेश्य :

- गाउँपालिकाले गरेका बिकास निर्माण र योजनाहरुको पारदर्शिताका लागि
- सुशासनका र पारर्दशिता
- विश्वसनियताका लागि

- उत्तरदायित्व वहनका लागि
- कार्यक्रमको प्रभावकारिता परिक्षणका लागि
- सेवाग्राहीको जिज्ञासा एवम प्रतिकृयाका संकलनका लागि
- कार्यलयको प्रवाह गरेको सेवा सुबिधाको बारेमा गुनासो तथा सुझाव संकलनका लागि
- यथार्थ कुरा बाहिर ल्याउनका लागि
- अनाबश्यक भ्रम हटाउनका लागि

## ६.कार्यक्रममा संकलन भएका जिज्ञासा/प्रश्न/प्रतिकृया र सुझाव

उक्त सार्वजनिक सुनुवाई कार्यक्रममा १७ जना भन्दाबढि सहभागीहरुले गाउँपालिकाले सञ्चालन गरेका बिकास निर्माण, बारपाक सुलिकोट गाउँपालिका र धार्चे गाउँपालिका बिचको सिमा समस्या, खानेपानी, शिक्षा, स्वास्थ्य, बारपाकलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने गाउँपालिकाको योजना, भुकम्पको इपिसेन्टरको बिकास लगायतका सन्र्दभमा जिज्ञासा, प्रश्न एवम प्रतिकृया राखेका थिए । कार्यक्रममा प्राप्त भएका प्रतिनिधिमुलक जिज्ञासा, प्रश्न, प्रतिकृया एवम सल्लाह सुझाव यस प्रकार रहेका छन् ।

- सुकबहादुर बि.क (बारपाक सुलिकोट गा.प १ बारपाक) :
    - बारपाक सुलिकोट गाउँपालिका र धार्चे गाउँपालिकाको सिमानामा पर्ने बारपाक र लाप्राकको बिचमा रहेको सिमाना विवाद समाधान गर्न समिति बनाएपनि किन काम गरिरहेको छैन ?
    - अन्य वडाहरुमा बृद्धा भत्ता वितरण भइसक्दा पनि हाम्रो ठाउँमा किन अहिलेसम्म बृद्धाभत्ता वितरण हुन सकेन ? चेक आयो तर पैसा आएन ।
    - गाउँपालिकाले डोजर किनेर राख्यो तर कच्ची सडकहरु किन सफाई गरिएन ? दशैसम्ममा कच्ची सडकहरु पच्छाईदिनु पर्‍यो ।
    - किसानलाई सम्मान गर्दा उत्कृष्ठ किसानलाई पुरस्कार दिनुपर्छ एउटा कुखुरा पाल्नेलाई होइन ।
- कुलबहादुर घले (बारपाक सुलिकोट गाउँपालिका २ बेसीफाँट)
    - बिकास निर्माण तथा योजना र कार्यक्रमका सन्र्दभमा अनुगमन गरी पुरस्कृत र दण्डित गर्ने कामका थालनी गरौ ।
    - अनुगमन गर्दा फिल्डमा गएर गर्नुपर्‍यो, आँखाले देखेपछि मात्र काम राम्रो भए नभएको थाहा हुन्छ हचुवाको भरमा भुक्तानी दिनु भएन ?
    - पैसा उठाएर शिक्षक राख्नुपर्ने बाध्यता वडाहरु सञ्चालित विद्यालयमा छ त्यसका लागि गाउँपालिकाले आवश्यक बजेट र दरवन्दीको व्यवस्था गरिदिनु पर्‍यो ।
    - बाटो बनाउदा मापदण्ड बनाएर मात्र थालनी गर्ने गर्नुपर्‍यो ।

- पासाङ घले (बारपाक सुलिकोट गा.प १) :

- ❖ बारपाक सुलिकोट गाउँपालिकाले बारपाकलाई छुट्टै गाउँपालिका जस्तो ठानेको अनुभूति बारपाक बासीमा रहेको छ अवदेखि बारपाकका समस्यालाई पनि बारपाक सुलिकोट गाउँपालिकाको समस्या ठानेर उठाओस् भन्ने शुभेच्छा छ ।
- ❖ बारपाक सुलिकोट गाउँपालिकाको वडा नम्बर १ र २ मा गाउँपालिकाले प्रदान गर्ने सेवा प्रवाहलाई घुम्ती सेवाको रुपमा गाउँपालिकाले सञ्चालन गरोस ।
- ❖ गाउँपालिका र वडाले बिकास निर्माणका काम गर्दा वडाका नागरिकहरुको सुझाव र नागरिकहरुको जनगुनासो सुनेर मात्र योजना बनाओस् ।
- ❖ हेल्थपोष्टलाई अस्पताल बनाउछौ भन्ने प्रतिवद्धता २०८० साल भित्र पुरा हुनसक्छ त ?
- ❖ बारपाकमा निर्माण भइरहेको स्मृति पार्क निर्माणमा किन ढिलाई भइरहेको छ स्मृती पार्कमा भुकम्पमा ज्यान गुमाएका देशभरका १४ वटै वडाका मृतकहरुको नाम राख्ने भनिएपनि अहिलेसम्म किन नाम आएन ?
- ❖ बारपाक क्षेत्रमा पहिरो रोकथामका लागि गाउँपालिकाले कस्तो पहल गरिरहेको छ ।

- घनबहादुर घले (बारपाक सुलिकोट-१ बारपाक)
  - ❖ बारपाक पर्यटनको केन्द्र भएरपनि किन बारपाकमा पर्यटक भित्र्याउन सकिरहेको छैन ? गाउँपालिकाले पर्यटक भित्र्याउन कस्तो योजना बनाएको छ ?
  - ❖ बारपाकलाई जडिबुटी भण्डारको केन्द्र निर्माण गर्न आवश्यक पहल गरियोस ।
  - ❖ बिश्वयुद्धमा नाम कमाएका भिसी गजे घलेको गुमनाम भएको छ, एउटा शालिक बनाएर पहिचान देओस् ।
  - ❖ भुकम्पको केन्द्र बिन्दु (इपीसेन्टर) सम्म पुग्ने मोटरबाटोको व्यवस्था गरियोस् ।

- कुलबहादुर घले (बारपाक सुलिकोट गाउँपालिका १ बारपाक)
  - ❖ बारपाक घुम्न आउने पर्यटकले भुकम्पको केन्द्रबिन्दु कहाँ हो भनेर सोध्छन् हामीले कहाँ देखाउने ?
  - ❖ पानी परेर भल बग्दा बाटो बगाएर हरेक बर्ष समस्या भोग्नुपर्‍यो यसको समाधान गरौँ र रोकथाम गरौँ ।
  - ❖

७.सहभागीबाट उठेका प्रश्नका जवाफ : सहभागीहरुबाट उठेका प्रश्नको जवाफ दिनुहुदैं गाउँपालिका अध्यक्ष बिष्णुप्रसाद भट्टले गाउँपालिकाले बारपाकलाई पर्यटकिय गन्तव्यको रुपमा बिकास गर्नका लागि बारपाकमा भौतिक संरचना निर्माणको काम जोड दिदै आएको बताउनुभयो । बारपाकमा भुकम्प स्मृतीपार्क, भ्यु टावर निर्माण लगायतका काम भइरहेको बताउनुभयो । उहाँले भुकम्प स्मृतिपार्क निर्माणको काम लगभग अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो । अध्यक्ष भट्टले स्मृति पार्कमा राखिने भुकम्पमा ज्यान गुमाएकाहरुको नामावली प्राप्त हुन ढिलाई भएकाले पटक पटक गृहमन्त्रालय लगायतका

सरोकारवालाहरुको ध्यानकर्षण गराइएको सहभागीहरुलाई जानकारी गराउनुभयो । भुकम्पको केन्द्रबिन्दुसम्म पुग्ने सडक पूर्वाधार निर्माणका लागि गाउँपालिकाले योजना बनाइरहेको जानकारी उहाँले दिनुभयो । कृषिलाई पर्यटनसंग जोडेर पर्यटकीय गन्तव्य बारपाकलाई कृषि पर्यटनको रुपमा बिकास गर्दै स्थानीय किसानहरुका आर्थिक आयआर्जन बृद्धिका लागि गाउँपालिका लागि परेको अध्यक्ष भट्टले बताउनुभयो ।

सहभागीहरुको उठेको प्रश्नको जवाफ दिनुहुदैं गाउँपालिकाकी उपाध्यक्ष सनमाया गुरुङले प्रदेश र संघिय सरकारबाट बिनियोजन भएका बिकास निर्माणको अनुगमन पर्याप्त नभएको बताउनुभयो । प्रमुख प्रशासकिय अधिकृत श्री तुलसी राम आर्चायले बारपाक सुलिकोट गाउँपालिकाको भौगोलिक समस्याका कारण सेवा प्रवाहमा समस्या भएको बताउनुभयो । उहाँले बारपाक क्षेत्रलाई गाउँपालिकाले बिशेष प्राथामिकता दिएर काम गर्दै आएको भन्दै बारपाकमा सेवा प्रवाहका लागि घुम्तीसेवालाई समेत जोड दिदै जानकारी दिनुभयो । बर्खाका बेला बारपाक देखि गाउँपालिकाको केन्द्रसम्म आउजाउ गर्न कठिनाई हुने गरेकाले समस्या भएको आर्चायले बताउनुभयो । त्यस्तै उहाँले अवदेखि हरेक बर्ष एउटा चौमासिकमा बारपाकमा सार्वजनिक सुनुवाई गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

सक्षेपमा सहभागीको प्रतिक्रिया

सार्वनिक सुनुवाई कार्यक्रममा सहभागी मध्ये गाउँपालिकाको वडा नम्बर १ र २ का नागरिकहरुले बारपाक क्षेत्र गाउँपालिकाबाट पिछडिएको क्षेत्रको रुपमा रहेको भन्दै गाउँपालिकाले ध्यान दिन नसकेको गुनासो गरेका थिए । त्यस्तै बर्खा लागेसंगै बारपाकसंगको सडक सर्म्पक बिच्छेद हुने अबस्था रहेको गोरखा बाह्रकिलो बारपाक सडक खण्ड निर्माणमा जोडदिन गाउँपालिकालाई बारपाक क्षेत्रका स्थानीयबासी आग्रह गरे । गाउँपालिकको केन्द्रसम्म पुग्ने सडकबाट बर्खाका बेला बन्द नै हुने अबस्था रहेकाले बाह्रै महिना चल्ने गरी सडकबाट निर्माण गर्न नागरिकहरुको सुझाव छ ।

सहभागीहरुले बारपाक क्षेत्रमा शिक्षा र स्वास्थ्यको समस्यालाई गाउँपालिकाले प्राथामिकता दिए काम गर्नुपर्ने तथा कृषि उत्पादन र अनुदानका लागि बास्तविक किसानहरु हो होइन भन्ने बुझेर मात्र अनुदान वितरण गर्नुपर्ने सुझाव छ ।

**सार्वजनिक सुनुवाईका निर्णयहरु......**

१. गाउँपालिकाको विषयगत कार्यालयहरु र विषयगत कार्यालयहरुले आ.ब २०७९/०८० को तेस्रो चौमासिकमा गरिएका कामहरुको समिक्षा गरियो ।

२. बारपाक क्षेत्रलाई पर्यटकिय गन्तव्यको रुपमा प्रचारप्रसार गर्दै भुकम्पको केन्द्रबिन्दुलाई व्यवस्थित गर्ने, पर्यटकीय क्षेत्रको रुपमा बारपाकमा निर्माणाधिक भौतिक पूर्वाधार बिकासको कामलाई तिव्रता दिने तथा

बारपाक जोड्ने सडक आयोजनाहरु निर्माणको काम छिटो सम्पन्न गर्ने सम्बन्धमा आवश्यक प्रतिवद्धता व्यक्त गरियो ।

३. बारपाकमा हरेक बर्ष एक चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने, बारपाक क्षेत्रमा गाउँपालिकाले प्रदान गर्ने सेवा प्रवाहलाई घुम्ती सेवाको रुपमा सञ्चालनका लागि पहल गर्ने निर्णय गरियो ।

निष्कर्ष :

सामाजिक जवाफदेहिता अभिवृद्धिको लागि सार्वजनिक सुनुवाईलाई महत्वपूर्ण मान्निछ । साथै गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई आफ्नो कर्तव्य प्रति जिम्मेवार बनाउन मात्र नभई ज्ञान नागरिकले सामाजिक जवाफदेहिता अभिवृद्धि गर्नका लागि के भूमिका निर्वाह गर्नु पदर्छ नागरिकका कर्तव्य के हुन भन्ने विषमता जान नागरिकलाई पनि जिम्मेवार बोध गराउन सफल भएको छ । सार्वजनिक सुनुवाईले शिक्षाको अवस्था, सडकको अवस्था, खानेपानी तथा सरसफाई लगायतका समस्याबारे सरोकारवालाई जिम्मेवार बनाउनका साथै प्राथामिकताका बिषयमा सुझाव प्राप्त भएको छ । तसर्थ सार्वजनिक सुनवाई निरन्तर हुन थालेमा नागरिकले गुनासो मात्र नभई समाधान पनि खोज्न थाल्ने छन् भने समाजमा रहेका भष्ट्राचार बेथिती र आर्थिक अपराध हराएर उत्तरदायी समाजको निमार्ण हुनेछ ।

धन्यवाद !!!











सार्वजनिक सुनुवाई कार्यक्रमका केही झलकहरु



**प्रतिवेदन प्रस्तुतकर्ता : राजेश पौडेल (पत्रकार)**

**मिति २०८०/०३/२९**

# नागरिक प्रतिवेदन

गोरखाको बारपाक गाउँपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को तेस्रो चौमासिक कार्यक्रम अर्न्तगतको सार्वजनिक सुनुवाई कार्यक्रमका लागि भरिएको नागरिक प्रतिवेदनको सारसंक्षेपमा यहाँहरु माँझ प्रस्तुत गर्न चाहान्छु ।

बारपाक सुलिकोट गाउंपालिका गोरखाको चालु आर्थिक वर्षको तेस्रो चौमासिक कार्यक्रम अर्न्तगतको सार्वजनिक सुनुवाई कार्यक्रमका लागि भरिएको नागरिक प्रतिवेदन फारमका आधारमा तयार पारिएको प्रतिवेदनको सारसंक्षेप यस्तो रहेको छ । प्रतिवेदनका लागि ५१ वटा फाराम बारपाक सुलिकोट गाउँपालिका भित्रका बिभिन्न वडाहरुमा पुगेर भरिएको थियो ।

जसका लागि वडा नम्वर १ र २ लाई विशेष फोकस गरिएको थियो । वडा नम्वर १ र २ को अलावा गाउंपालिकाको वडा नम्बर ६ का विभिन्न पेशा व्यवसाय र बिभिन्न क्षेत्रमा संलग्न व्यत्तित्वहरुलाई नागरिक प्रतिबेदन फारम भराइएको थियो ।

फाराम भर्ने ५१ जना मध्ये लिङ्गका आधारमा १९ महिला र ३२ पुरुषहरु सहभागी भएका थिए । शैक्षिक हिसावले फाराम भर्न सहभागी भएका मध्ये २६ जना साक्षर, ७ जना प्रबेशिका उत्तीर्ण, ११ जना १२ कक्षा उत्तीर्ण र ७ जना सो भन्दा बढी अध्ययन गरेको पाइयो । नागरिक प्रतिवेदन फाराम भराइएका मध्ये जातिय हिसाबले ४ जना ब्राम्हण, ५ जना क्षत्री, र ३३ जना जनजाति र ९ जना दलित समुदायका व्यक्तिहरु थिए । उमेर समुहका हिसावले ५० बर्ष माथिका १२ जना, ३० देखि ५० बर्षसम्मका ३२ जना, २० देखि ३० बर्ष उमेर समुहका ५ जना र २० बर्षसम्मका २ जना रहेका छन् । यो त भयो सहभागीताको कुरा अव प्रतिवेदनको सारस्वरुपमा प्रस्तुत गर्दैछु ।

नागरिक प्रतिवेदन प्रश्नावली भाग १ अर्न्तगत सन्तुष्टी र असन्तुष्टीमा धेरै जसो सेवाग्राहीले कार्यालयबाट आफुले ठिकै सेवा पाएको बताएका छन् । प्रश्नावलीमा सहभागी भएका मध्ये ६० प्रतिसतले सन्तुष्ठ रहेको र ४० प्रतिसतले ठिकै सन्तुष्ट रहेको बताए । सेवा लिन जाँदा कर्मचारीको व्यवहार प्रति भने ६५ प्रतिसतले सुन्तष्ट रहेको, उल्लेख गरे भने ३५ प्रतिसतले कार्यालयका कर्मचारीको व्यवहार ठिकै भएको बताएका छन् । नागरिक प्रतिवेदन फारम भरेका मध्ये १० प्रतिसत सहभागीहरुले जनप्रतिनिधिहरुले नागरिकहरुलाई सन्तुष्ठ बनाउने गरी काम गर्न नसकेको बताए भने ८० प्रतिसतले जनप्रतिनिधिहरुको कामबाट आफूहरु सन्तुष्ट नै रहेको उल्लेख गरेको पाइयो । सहभागी भएका मध्ये १० प्रतिसतले जनप्रतिनिधिहरुको काम सन्तोषजनक बताएका छन् ।

कार्यालयका कर्मचारीहरुको उपस्थिती अधिकासंले ठिकै रहने गरेको उल्लेख गरेका छन् भने केहीले खोजेका बेला कर्मचारी भेट्न नसकिने गरेको गुनासो गरेको पाइयो । सार्वजनिक चासो तथा समस्या सामाधानका लागि कार्यालयबाट औसतमा प्रक्रियागत रुपमा वढी दिन लाग्ने गरेको भन्ने

सहभागीहरुको गुनासो छ । नागरिक बडापत्रमा उल्लेख भए अनुसार सेवामा लाग्ने समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ भन्ने प्रश्नमा २५ प्रतिसतले सन्तुष्ट रहेको बताएपनि ६५ प्रतिसतले भने ठिकै मात्र सन्तुष्ट रहेको बताएका छन् । यस कोलममा सहभागी मध्ये १० प्रतिसतले भने वडापत्रमा उल्लेख भए अनुसारको समयमा सेवा पाउन नसकेको उल्लेख गरेका छन् ।

नागरिक प्रतिवेदनमा सहभागीहरुले गाउँपालिकाले प्रवाह गर्ने सूचना जानकारीहरु समयमा आफुहरुले पाउन नसकेको धारणा छ ।  त्यसमा कतिपयले कार्यालयको सेवाप्रवाह र सूचना पाएपनि अस्पष्टता हुने गरेको समेत बताएका छन् । तर अधिकांसले के कारण कारणले सूचना अस्पस्टता भएको हो भन्ने बारेमा भने उल्लेख गरेको पाइएन ।

कार्यालयको भौतिक पक्ष कस्तो छ भन्ने कोलममा धेरैले गाउँपालिकाको कार्यालयको भौतिक पक्ष राम्रो भएको बताए । नागरिक वडापत्रको बारेमा ६० प्रतिसत सहभागीहरुलाई जानकारी भएको बताएका छन् भने त्यसको पनि २० सहभागीले मात्र नागरिक वडापत्र हेरेर काम गर्ने गरेको बताए । त्यस्तै कार्यालयमा भित्र उजुरी पेटिका बारेमा भने धेरैले आफुहरुलाई थाहा नै नभएको उल्लेख गरेका छन् । नागरिक प्रतिवेदनका फारम भरेका मध्ये ९ प्रतिसतले सेवा लिन जाँदा एकदमै कम अतिरिक्त शुल्क तिर्नुपरेको बताएका छन् भने ९१ प्रतिसतले अतिरिक्त शुल्क नतिरेको बताए ।

त्यस्तै सिफारिसका लागि चाहिने आबश्यक कागजातका बारेमा झण्झट व्यहोर्नु परेको केही सहभागीको मत छ भने धेरैले सिफारिसका लागि चाहिने कागजातका बारेमा आफूले ठिकै मात्र जानकारी पाएको उल्लेख गरेका छन् । सिफारिसका लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम तिर्नुपऱ्यो कि परेन भन्ने प्रश्नमा ८ प्रतिसतले तिरेपछि मात्र काम भएको भनेर प्रतिवेदन फारममा उल्लेख गरेको पाइयो ।  ९२ प्रतिसतले भने सिफारिसका लागि आफूहरुसंग अतिरिक्त शुल्क मागिएन पनि र दिइएन पनि भन्ने कोलममा रोजा लगाएका थिए ।

कार्यालयमा सेवा लिन जाँदा ६० प्रतिसतले आफैले काम गर्ने गरेको बताएका छन् भने ४० प्रतिसत सहभागीले मध्यस्थकर्ता वा कार्यालयको मान्छेबाट सहयोग लिने गरेको बताए । कार्यालयको सरसफाईको अबस्था धेरैले ठिकै भएको बताए भने केहीले राम्रो रहेको उल्लेख गरेका छन् । गाउँपालिकाको बिकास निर्माणको स्थिती कस्तो छ भन्ने प्रश्नमा फारम भराइएका मध्ये ६७ प्रतिसतले बिकास निर्माणको अबस्था राम्रो रहेको बताए भने ३३ प्रतिसतले ठिकै रहेको उल्लेख गरेपनि खराब नै रहेको भन्नेमा कसैको मत रहेको पाइएन । त्यस्तै गाउँपालिका भित्र सञ्चालित योजनाहरुको प्रभावकारिता राम्रो भएको नागरिक प्रतिवेदन फारम भरेका धेरैको मत रहेको पाइयो । केही सहभागीहरुले भने पहिलेको तुलनामा थप प्रभावकारी भएको उल्लेख गरेका छन् । यसको अलावा प्रतिवेदनका लागि फाराम भर्ने दौरानमा कतिपयको गुनासो यस प्रकार देखियो ।

- गाईभैसीमा लाग्ने लम्पी स्किन रोग उपचारका लागि गाउँपालिकाले पशु चिकित्सकहरुलाई वडा वडामा पठाउने व्यवस्था गरियोस् र औषधी व्यवस्था गरियोस ।

- ❖ प्रदेश तथा संघको योजनाहरु उपभोक्ता समिति मार्फत गर्दा स्थानीय श्रमिकहरुले ज्याला पाउन नसकेकाले गाउँपालिकाले आवश्यक समन्वय गरी ज्याउ उपलब्ध गराउन पहल गरियोस् ।
- ❖ बिकास निर्माणका योजनाहरुका लागि रकम बिनियोजन गर्दा अधकल्चो हुने गरी बिनियोजना नगरियोस् ।
- ❖ समयमा काम हुन नसकेको अबस्थामा काम किन हुन सकेन भनेर स्पस्ट जानकारी दिने व्यवस्था गरियोस् ।
- ❖ जनप्रतिनिधिहरुले आफुले गरेका प्रतिवद्धताहरुलाई पुरा गर्ने तर्फ जोड दिईयोस ।

धन्यवाद

**प्रतिवेदन प्रस्तुतकर्ता : अस्मिता सिंखडा (पत्रकार)**

**मिति २०८०/०३/२९**

## वहिर्गमन अभिमत

गोरखाको बारपाक सुलिकोट गाउँपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को तेस्रो सार्वजनिक सुनुवाई कार्यक्रमका लागि भरिएको वहिर्गमन अभिमतको रिपोर्ट यहाँहरुमाझ पढेर सुनाउन चाहन्छु । बारपाक सुलिकोट गाउँपालिकाको कार्यालयबाट सेवा लिएर फर्किएका तथा कार्यालयबाट सेवा लिएका विभिन्न ५३ जना व्यक्तिहरुलाई भेटेर बहिर्गमन अभिमत फारम भराइएको थियो ।

जसमध्ये लिंगका आधारमा १४ महिला र ३९ पुरुषहरु सहभागी भएका थिए । शैक्षिक हिसावले फाराम भर्न सहभागी भएका ५३ मध्ये ३७ जना साक्षर, ११ जना प्रवेशिकासम्म शिक्षा प्राप्त गरेका र बाँकी ५ जना प्रबेशिका तहभन्दा माथिल्लो तहको शिक्षा हासिल गरेका नागरिकहरु रहेका थिए ।

वहिर्गमन अभिमत भराएका ५३ मध्ये जातीय हिसावले ६ जना व्राम्हण, ४ जना क्षेत्री, ३६ जना जनजाति समुदायका रहेका थिए भने ७ जना दलित समुदायका रहेका थिए । उमेर समुहका हिसावले २० वर्षभन्दा कम उमेर समुहका जना ३ र २० बर्षदेखि ३५ बर्ष उमेर समुहका ३२ जना, ३५ बर्षदेलि ५० बर्ष उमेर समुहका १५ र त्यसभन्दा माथिका ३ जना सहभागी भएका थिए ।

वहिर्गमन अभिमतमा सहभागी धेरै जसोले बहिर्गमन फारममा योजनाको रकम भुक्तानीको काम लिएर कार्यालयमा पुगेको उल्लेख गरेका थिए भने केहीले दर्ता नवीकरणका लागि पुगेको, केहीले योजनाको माग गर्न कार्यालयमा पुगेको बताएका थिए । फराम भएका मध्ये १९ जनाले भने अन्य कुनै कामका लागि कार्यालयमा पुगेको भनेर फारममा उल्लेख गरेको पाइयो । उनिहरु मध्ये अधिकासंलाई कुन काम कुन शाखाबाट गर्ने वा को संग लिने भन्नेमा आफूहरु सुरुमा नै अलमलमा पर्ने गरेको उल्लेख गरेका थिए । बहिर्गमन फारम भरेका मध्ये थोरै मात्र सेवाग्राहीले कर्मचारीले सेवाग्राहीको अपेक्षा बुझ्ेको प्रतिक्रिया जनाएका छन् ।

सेवा दिने कर्मचारीको व्यवहार प्रति अधिकांशको प्रतिक्रिया ठिकै रहेको भनेपनि ५ प्रतिसतले भने कर्मचारीहरुका् व्यवहार राम्रो नभएको समेत उल्लेख गरेको पाइयो । ५४ प्रतिसत सहभागीहरुले भने कर्मचारीको व्यवहार अत्यन्त मिलनसार रहेको उल्लेख गरेका छन् ।

फारम भराइएका मध्ये ४५ प्रतिसतले सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु, कागजात, शुल्क दस्तुरमा स्पस्ट हुनेगरी जानकारी पाउन नसकेको गुनासो छ । ४५ प्रतिसले कतिपयले सेवा दिने कर्मचारीले आफुहरुलाई सहयोग गरेको र स्पस्ट पारिएको बताएपनि १० प्रतिसत सहभागीले भने कर्मचारीहरुले अलमल हुनेगरी अस्पष्ट सूचना दिएको गुनासो गरे ।

फाराम भराएका सेवाग्राही मध्ये ३१ प्रतिसतले आफूहरुको समस्या कर्मचारीले व्यवहारिक हिसावले नसुनेको गुनासो पोखेका छन् । कार्यालयको कुन कुन पक्ष राम्रो लाग्यो भन्ने विकल्पमा धेरै जसोले कर्मचारीहरुको सरल पक्ष मन परेको बताएका छन् । सहभागी मध्ये करिब ५५ प्रतिशतले भने कर्मचारीको सुझाव सल्लाह दिने पक्ष राम्रो लागेका भनी उल्लेख गरेका छन् ।

सुधार गर्नुपर्ने विषयहरु के के छन् भन्ने कोलममा धेरैजसो सहभागीले कर्मचारी र जनप्रतिनिधिहरुले आफुहरुको समस्यालाई व्यवहारिक हिसावले पनि बुझिदिनुपर्‍यो भन्नेमा जोड छ । फारम भरेका मध्ये धेरैले गाउँपालिकाले स्वास्थ्यमा अहिले राम्रो सुधार गर्दै गएको, विकास निर्माणका कामहरु थप प्रभावकारी बनाउनु पर्नेमा जोड दिएका छन् । उनीहरुले बिकास निर्माणका योजना बनाउदा आवश्यतताका आधारमा योजना छनोट गर्नुपर्नेमा सुझाव दिएका छन् । सहभागीहरुले युवा तथा महिलाहरुलाई स्वरोजगार दिनसक्ने खालका कार्यक्रम ल्याउनुपर्ने सुझाव दिएका छन् । सुधारका लागि दिइएको केही स्मरिणय र उल्लेखिनिय सुझावहरु बुँदागत रुपमा राख्न चाहन्छु ।

- ❖ कार्यालयमा पुगेका सेवाग्राहीलाई अलमल्याउने भन्दा समयमा सेवा प्रदान गर्ने गरियोस् ।
- ❖ एउटै कामका लागि पटक पटक कार्यालय धाउने पर्ने बाध्यताका अन्त्य गरियोस्
- ❖ सेवाप्रवाहमा ढिलासुस्ती गर्ने प्रवृतिको अन्त्य गरियोस् ।
- ❖ गाउँपालिकालाई पेपरलेस गाउँपालिकाको रुपमा बिकास गर्ने गरि योजना निर्माण गरियोस् ।

**धन्यवाद**

आज मिति २०८० असार २९ गतेका दिन बारपाक सुलिकोट गाउँपालिकाको आयोजना तथा सोच नेपाल मिडिया एण्ड एडभटाईजिड प्रा.लि गोरखाको समन्वयमा आयोजित गाउँपालिकाको चालु आर्थिक बर्ष २०७९/०८० को तेस्रो त्रैमासिक अर्न्तगतको सार्वजनिक सुनवाई कार्यक्रम यस गाउँपालिकाका अध्यक्ष श्री बिष्णुप्रसाद भट्ट ज्यूको अध्यक्षता तथा तपसिलका व्यक्तिहरुको उपस्थितीमा सम्पन्न भयो ।

## उपस्थिती

| क स | नाम थर | पद | ठेगाना | फोन नं | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री बिष्णुप्रसाद भट्ट | गाउँपालिका अध्यक्ष | बारपाक सुलिकोट -४ | ९८५६०८०१८६ | [signature] |
| २ | श्री सनमाया गुरुङ | गाउँपालिका उपाध्यक्ष | ,, ,, ३ | 9860647837 | [signature] |
| ३ | श्री तुलसीराम आर्चाय | प्रमुख प्रशाकिय अधिकृत | ,, ,, | 9856010060 | [signature] |
| ४ | श्री धन ब. घले | वडा अध्यक्ष | ,, ,, | 9860771655 | [signature] |
| ५ | सर्व ब. गुरु. | वडा अध्यक्ष बा.सु.गा. २ | ,, ,, २ | 9845483007 | [signature] |
| ६ | केशव गिरी | हे.अ | बारपाक स्वा. चौकी | ९८४४८८६६३१ | [signature] |
| ७ | कृष्ण भट्ट | अ.स्वा.का. | बा.सु.गा.पा स्वास्थ्य शाखा | ९८४६८८०९३३ | [signature] |
| ८ | ई. अभिनव गौतम | इन्जिनियर | बा.सु.गा.पा. | ९८४६२६५३०८ | [signature] |
| ९ | सुर्य बहादुर थापामगर | रोजगार संयोजक | बा.सु.गा.पा. | ९८४५४५८३३० | [signature] |
| १० | धन बहादुर गुरुङ | रोजगार प्राविधिक | ब.सु.2 | 9824126860 | [signature] |
| ११ | कैलाश बाबु तिवारी | सञ्चारकर्मी | गोरखा | ९८५६०८०८०५ | [signature] |
| १२ | प्रिया घले | विद्यार्थी | बारपाक | ९८१९५५२९८८८ | [signature] |
| १३ | जीत बहादुर घले | गा.पा. सभापति ने.का. | बारपाक सु. १ | ९८५६०८००२२ | [signature] |
| १४ | नर बहादुर गुरुङ | गा.पा. अध्यक्ष माओवादी केन्द्र | बा.सु.-६ | ९८४९६३६९२६ | [signature] |
| १५ | प्रेम बहादुर गुरुङ | जिल्ला सचिव नेकपा | बासु-2 | 985081862 | [signature] |
| १६ | सुक बहादुर घले | जिल्ला स. नेकपा | बारपाक 9 | 98632080 | [signature] |
| १७ | कान्छा घले | नेकपा एमाले वडा कमिटी अध्यक्ष | बारपाक २ | ९८१८३६३५१६ | [signature] |
| १८ | राजु कुमार | कार्यपालिका सदस्य | बा.सु.गा.पा.-१ | ९८४६६२९३६ | [signature] |
| १९ | रुपेश शर्मा | सू.प्र.अ. गा.पा कार्यालय | बा.सु-६ | ९८४६५४२८०३ | [signature] |
| २० | विनोद विश्वकर्मा | कृषि अधिकृत | बा.सु.गा.पा | ९८६५००८३३४ | [signature] |
| २१ | हिक्मत ब. खड्का | प्रा.स पशुसेवा | बा.सु गा.पा | ९८४२३६३२९६ | [signature] |
| २२ | रिजन विश्वकर्मा | स्वकीय सचिव | बा.सु.गा.पा | ९८५६०८९८०८ | [signature] |

| क्र.स | नाम थर | पद | ठेगाना | फोन नं | हस्ताक्षर |
|---|---|---|---|---|---|
| २३ | कृष्ण | इन्टा | बारपाक | 9817452885 | Ks. |
| २४ | सूर्य गौतम | प्रा.नि. | बा.पु.-गा.पा. | 9860179804 | |
| २५ | मंगल ब. घले | जनता (अध्यक्ष | बा.पु.-२ | [illegible] | |
| २६ | पुरन बहादुर घले | " " | " १ | 9826079566 | |
| २७ | कुमार सुनार | " " | " १ | 9846356486 | |
| २८ | आंशिका गुरुङ | कार्यपालिका सदस्य बा.सु.-२ | बा.पु.-२ | 9806772084 | |
| २९ | प्याली घले | निर्माण प.स. अध्यक्ष | बा.सु.-१ | | |
| ३० | शेर ब. गुरुङ | | बा.सु.-२ | | |
| ३१ | जीत ब. गुरुङ | शिक्षक | बा.पु.-२ | [illegible] | |
| ३२ | महेश गुरुङ | स्थानीय युवा | बा.पु.-२ | | |
| ३३ | चौदनी घले | | बा.-२ | | |
| ३४ | लक्ष्मी गुरुङ | | बा.-२ | 9815012378 | |
| ३५ | प्रीति कुमारी गुरुङ | | बारपाक-१ | | |
| ३६ | लाल कुमारी घले | | " -१ | | |
| ३७ | [illegible] सुनार | व. [illegible] | बारपाक १ | | |
| ३८ | मन ब. गुरुङ | | बारपाक २ | | |
| ३९ | चन्द्र ब. घले | | " १ | | |
| ४० | मन बहादुर | | २ | | |
| ४१ | जित बहादुर गुरुङ | वडा १ सदस्य | बा.पु. १ | 9814120526 | |
| ४२ | राजेन्द्र गुरुङ | वडा २ | | | |
| ४३ | प्रताप गुरुङ | [illegible] -२ | बारपाक २ | | |
| ४४ | मन ब. गुरुङ | वडा नं -२ | बारपाक २ | | |
| ४५ | धनराज गुरुङ | | बारपाक-२ | | |
| ४६ | नन्द कुमार घले | वडा नं.-२ सदस्य | " २ | 9840803700 | |
| ४७ | धन बहादुर गुरुङ | वडा नं -२ | " २ | | |
| ४८ | भक्त बहादुर गुरुङ | शिक्षक | बा.पु. वडा नं. १ | 9856043622 | |

| क्र.स | नाम थर | पद | ठेगाना | फोन नं | हस्ताक्षर |
|---|---|---|---|---|---|
| ४९ | Ganesh Ghale | = | Ward No 1 | 9818850381 | Ganesh |
| ५० | जित बहादुर कुमार | कार्यालय सहायक | बा.पु.गा.पा-१ | ९८४४४९६८२ | [illegible] |
| ५१ | जित कुमारी घले | वडा सचिव (वा.२) | बा.पु. -२ | ९८४६९८६२९८ | जितकुमारी |
| ५२ | राम माया | | | 9819102433 | राम माया |
| ५३ | आन्द्री गुरुङ | | | 9819136[illegible] | आन्द्री |
| ५४ | बुद्ध माया | | | | बुद्ध माया |
| ५५ | रमेश राज घले | | बा.पु. वा-१ | 9816112940 | रमेश |
| ५६ | राजु पौडेल | प्र.प्र.नि. | " " | 9846619286 | राजु |
| ५७ | डम्बर सिंह घले | ने.क.पा. माओवादी वडा कमिटी सचिव | बा.पु.गा.पा. वडा नं | 9860961536 | डम्बर |
| ५८ | मान बधु गुरुङ | वडा नं. २ | तुर्मखाका | — | मान |
| ५९ | फूल बं. घले | वडा नं. २ | गोर्जे | 9825135519 | फूल |
| ६० | बसन्त बं घले | वडा नं - २ | गोर्जे | 9849751183 | बसन्त |
| ६१ | नाम दल छत्री | व 2 | पोखरी | | दल |
| ६२ | सुमित्रा | 2 | | 9826626608 | सुमित्रा |
| ६३ | शुभ प्रभात नेपाली | कार्यपालिका सदस्य | बा.पु.-६ | 9847775485 | Shuvu |
| ६४ | देउराली गुरुङ | | बा.पु. २ | | |
| ६५ | धनकुमारघर्ती | | २ | | धन |
| ६६ | अर्जुन गुरुङ | | वडा नं २ पोखरी | | अर्जुन |
| ६७ | दल ब. गुरुङ | | वडा - २ | | दल |
| ६८ | सन्त बं. गुरुङ | | बा.पु -2 पोखरी | | सन्त |
| ६९ | सन्त ब गुरुङ | सदस्य | बा.पु.१ | 9805868189 | सन्त |
| ७० | लोकु ब घले | साधारण | बा. स २ | 9805871894 | लोकु |
| ७१ | सन्त कुमारी गुरुङ | गुरुङ | १ म २० | | सन्त |
| ७२ | सपना गुरुङ | | पोखरी | | सपना |
| ७३ | B | | | | B |
| ७४ | मनोज | गुरुङ | पोखरी | | |
| ७५ | प्रविन | गुरुङ | पोखरी | | |

| क.स | नाम थर | पद | ठेगाना | फोन नं | हस्ताक्षर |
|---|---|---|---|---|---|
| ७६ | लालकुमार गुरुङ | अध्यक्ष, सचिव | बा.सु-२ | 9815191435 | लाल |
| ७७ | धन ब. गुरुङ | | ,, ,, -१ | | धन |
| ७८ | Suntu Bahadur | | | 9815156492 | [signature] |
| ७९ | प्रकाश भाविक | जनसहभागी | बालु. २ | 9817164565 | R |
| ८० | समर बहादुर गुरुङ | ,, | बालु. २ | 9806555934 | [signature] |
| ८१ | डम्बर सिं घले | | २ | 9824153276 | [signature] |
| ८२ | सुक ब. गुरुङ | | बा.सु २ | 9825134015 | [signature] |
| ८३ | खास बहादुर | गुरुङ | — | | [signature] |
| ८४ | मंगल बहादुर गुरुङ | वडा सदस्य | बा.सु. २ | 9808958898 | [signature] |
| ८५ | मन वीर घले | साधारण | बा.सु. २ | ९८१६९८८३२ | [signature] |
| ८६ | नर बहादुर घले | साधारण | बा.सु. २ | | [signature] |
| ८७ | शिवनाथ घले | ,, | बा.सु. २ | 9808121835 | [signature] |
| ८८ | धन ब. तामाङ | पत्रकार | सिरानचोक ३ | | [signature] |
| ८९ | अस्मिता सिंखडा | ,, | मिमलेन ८ | ९८६९३८६२८९ | Asmita |
| ९० | राजेश पौडेल | ,, | पालुङटार ४ | ९८४४०९९९०२ | [signature] |
| ९१ | अमृत विक | ,, | गो.न.पा.-८ | ९८४६०४०२६६ | [signature] |
| ९२ | रामजी कुँवर | नेपाल प्रहरी | बा.सु. २ | ९८५८८५६७६० | रामजी |
| ९३ | अजीत रैन | ,, ,, | — | ९८६८८६८९९० | [signature] |
| ९४ | इन्द्र ब. थापा | ,, | ,, | ९८४६६९०९१९ | [signature] |
| ९५ | अमर ब. कुमालखेडी | ,, | ,, | ९८४१८६४८२२ | [signature] |